**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले अपरेसन सिन्दुरले भारतको शक्ति र सशस्त्र बलको वीरतालाई पुन: पुष्टि गरेको तथा स्वदेशी हतियारहरूको प्रगतिको प्रदर्शन गरेको बताउनुभएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशका युवाहरूले साहस र प्रतिबद्धतालाई 'राष्ट्र प्रथम' को सोचका साथ परिभाषित गरिरहेको बताउनुभएको छ ।

- महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको आज बिहान ११ बजे पुणे जिल्लाको बारामतीमा राजकीय सम्मानका साथ अन्तिम संस्कार गरिनेछ।

- वित्त मन्त्री निर्मला सीतारमणले आज संसदमा आर्थिक सर्वेक्षण २०२५-२६ प्रस्तुत गर्नुहुनेछ ।

- ७७औं गणतन्त्र दिवस समारोहको समापनको अवसरमा बीटिंग रिट्रिट समारोह आज  नयाँ दिल्लीको विजय चोकमा आयोजना हुनेछ।

**प्रधानमन्त्री - अपरेसन सिन्दुर**

**प्रधान मन्त्री नरेन्द्र मोदीले अपरेसन सिन्दुरले भारतको शक्ति र सशस्त्र बलको वीरतालाई पुन: पुष्टि गरेको तथा  स्वदेशी हतियारहरूको प्रगतिको प्रदर्शन गरेको बताउनुभएको छ । नयाँ दिल्लीमा वार्षिक एनसीसी प्रधानमन्त्री ले रैल्लीलाई सम्बोधन गर्दै भन्नुभयो , आधुनिक युद्धमा युद्ध केवल सीमा वा ट्याङ्क वा बन्दुकको प्रयोगमा मात्र सीमित हुँदैन, तर साइबर र सूचना युद्धको सन्दर्भमा यो कोड र क्लाउडमा पनि लडिन्छ। करिअप्पा परेड ग्राउन्डमा आयोजित कार्यक्रममा एनसीसीद्वारा प्रस्तुत गरिएको विशेष अपरेसन सिन्दुर विषयवस्तुको झाँकीलाई ध्यान दिनुहुदै  प्रधानमन्त्री श्री मोदीले राष्ट्रिय सुरक्षाका लागि एनसीसी क्याडेटहरूले गरेको प्रयासको प्रशंसा गर्नुभयो। उहाले भन्नुभयो -अप्रेसनका क्रममा देशभरी  ७५ हजारभन्दा अधिक  एनसीसी क्याडेटले नागरिक सुरक्षा, अस्पताल प्रबन्धन,आपदा राहत, सामुदायिक सेवामा अथक भूमिका निर्वाह गरेका थिए । श्री मोदीले अपरेसन सिन्दुरको समयमा एनसीसी क्याडेटहरूको योगदानको बारेमा प्रकाश पार्नुभयो, ।प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, एनसीसीद्वारा प्रदान गरिने प्रशिक्षण केवल परेड मैदानमा मात्र सीमित छैन, तर यसले "राष्ट्र प्रथम" को भावना पनि जगाउँछ, जसले क्याडेटहरूलाई कठिन समयमा देशको लागि पूर्ण शक्तिका साथ काम गर्न प्रेरित गर्दछ।**

**1-Byte प्रधानमन्त्री**

**प्रधान मन्त्री नरेन्द्र मोदी- भारतको उड्डयन क्षेत्र**

**प्रधान मन्त्री नरेन्द्र मोदीले भारतको उड्डयन क्षेत्रमा विगत दशकमा ऐतिहासिक परिवर्तन आएको बताउनुभएको छ, जुन विश्वको तेस्रो सबैभन्दा ठूलो आन्तरिक उड्डयन बजारको रूपमा विकसित भएको छ। श्री मोदीले हिज  हैदराबादको बेगमपेट एयरपोर्टमा सुरु भएको विंग्स इन्डिया २०२६ कार्यक्रममा एक भिडियो सन्देशमा यो कुरा भन्नुभएको हो । उहाले स्मरण गर्दै भन्नुभयो - देशमा हवाई यात्रा कुनै समय एक विशेष**

**क्लबमा सीमित थियो, तर भारत अब केही विशेषाधिकार प्राप्त व्यक्तिहरूमा सीमित छैन र सबैका लागि पहुँचयोग्य बन्दै गएको छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, उडान योजनाले लगभग १.५ करोड यात्रीहरूलाई एक दशक पहिले अस्तित्वमा नभएको मार्गहरूमा उडान गर्न सक्षम बनाएको छ। प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, भारतले आफूलाई विमान निर्माण, उन्नत हवाई गतिशीलता र विमान भाडामा दिने अवसरहरूको भूमिको रूपमा स्थापित गरिरहेको छ।**

**प्रधानमंत्री नरेंद्र मोदी एनसीसी पीएम रैली**

**प्रधानमन्त्री नरेन्द्र मोदीले आज देशका युवाहरूले साहस र प्रतिबद्धतालाई 'राष्ट्र प्रथम' को सोचका साथ परिभाषित गरिरहेको बताउनुभएको छ । आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउण्डमा वार्षिक एनसीसी प्रधानमन्त्री रैलीलाई  सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो -, एनसीसी भारतका युवाहरूलाई आत्मविश्वासी, अनुशासित र राष्ट्रप्रति समर्पित बनाउने आन्दोलन हो। उहाँले भन्नुभयो, आज विश्वले भारतका युवाहरूलाई धेरै विश्वासका साथ हेर्छ र यो उनीहरूको कौशल  र संस्कृतिको कारण हो। देशभरिका क्याडेट र अधिकारीहरूलाई बधाई दिनुहुदै  श्री मोदीले भन्नुभयो, विगत केही वर्षहरूमा सीमा र तटीय क्षेत्रहरूको बढ्दो सहभागिताका साथ एनसीसीको संख्या १४ लाखबाट बढेर २० लाख भन्दा अधिक  पुगेको छ। प्रधानमन्त्री श्री मोदीले यस वर्ष छात्रा क्याडेटहरुको सहभागितामा उल्लेख्य वृद्धि भएकामा खुशी व्यक्त गर्नुभयो ।**

**2- Byte प्रधानमन्त्री एनसीसी**

**प्रधानमंत्री नरेन्द्र मोदी - वैश्विक -भारतीय ऊर्जा क्षेत्र -बैठक**

**प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीको लोककल्याण मार्ग स्थित आफ्नो निवासमा वैश्विक तथा भारतीय ऊर्जा क्षेत्रका प्रमुख कार्यकारी अधिकारीहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो। यो बातचीत चलिरहेको 'भारत ऊर्जा सप्ताह' २०२६ को एक भागको रूपमा आयोजित गरिएको थियो। भारतको बलियो आर्थिक प्रगतिमाथि प्रकाश पार्दै प्रधान मन्त्रीले भन्नुभयो, भारत विश्वको तेस्रो ठूलो अर्थ  व्यवस्था  बन्ने दिशामा तीव्र गतिमा फड्किरहेको छ र वैश्विक  ऊर्जा माग-आपूर्ति सन्तुलनमा निर्णायक भूमिका खेल्नेछ। बातचीतको  क्रममा  क्रममा प्रधानमन्त्री श्री मोदीले भारतको ऊर्जा क्षेत्रमा निवेशका महत्वपूर्ण अवसरहरूतर्फ ध्यानाकर्षण गराउनुभयो । भारतको ऊर्जा क्षेत्रमा विद्यमान अवसरहरूको बारेमा प्रकाश पार्दै प्रधानमन्त्री श्री मोदीले अन्वेषण र उत्पादनमा लगभग १०० अर्ब अमेरिकी डलरको लगानीको सम्भाव्यतामाथि जोड दिए र सरकारले शुरू गरेका निवेशक-अनुकूल नीतिगत सुधारहरूको उदाहरण प्रस्तुत गर्नुभयो । प्रधान मन्त्रीश्री मोदीले वैश्विक  ऊर्जा परिदृश्य अनिश्चितताहरूले भरिएको भए तापनि यसले अपार अवसरहरू प्रस्तुत गर्ने बताउनु भयो ।**

**महाराष्ट्रका उपमुख्यमन्त्री -अन्तिम संस्कार**

महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको आज बिहान ११ बजे पुणे जिल्लाको बारामतीमा राजकीय सम्मानका साथ अन्तिम संस्कार गरिनेछ। पवारको हिज बिहान विमान दुर्घटनामा मृत्यु भएको थियो । पवारको अन्तिम संस्कारमा सहभागी हुन केन्द्रीय गृहमन्त्री अमित शाह आज बारामती जाँदै हुनहुन्छ । अन्तिम संस्कारमा महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस र मन्त्रिपरिषद्का सदस्यहरू पनि उपस्थित हुनेछन्। महाराष्ट्र सरकारले बारामती विमानस्थलमा अवतरण गर्ने क्रममा चार्टर्ड विमान दुर्घटना हुँदा उपमुख्यमन्त्रीको मृत्यु भएपछि सार्वजनिक छुट्टी  दिने घोषणा गरेको छ। सम्मानमा भोलिसम्म सबै विद्यालय बन्द रहनेछन् । मुख्यमन्त्री फडणवीसले तीन दिने राजकीय शोक घोषणा गर्नुभएको छ  र यस अवधिमा सबै सरकारी कार्यालय र शैक्षिक संस्थाहरू बन्द रहनेछन्। राज्यका सरकारी भवनहरूमा राष्ट्रिय झण्डा आधा झुकाइएको छ।

**गुरु रविदास जयन्ती-  प्रधानमन्त्री**

गुरु रविदास जयन्तीका अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार जालन्धरको डेरा सचखण्ड बल्लानको भ्रमण गर्नुहुनेछ । केन्द्रीय मन्त्री रवनीत सिंह बिट्टूले भन्नुभयो, श्री मोदी बिहान संसदको बजेट सत्रमा भाग लिएपछि दिउँसो डेरामा पुग्नेहुनेछ। प्रधानमन्त्री श्री मोदीको भ्रमण गुरु रविदास जयन्तीको अवसर अवसर पारेर हुनेछ।

विदेशमन्त्री

विदेशमन्त्री डा. एस जयशंकर र उज्बेकिस्तानका विदेशमन्त्री बख्तियोर सैदोभबीच हिज टेलिफोन बातचीत भयो र द्विपक्षीय सहयोगका विभिन्न आयामहरूको समीक्षा गर्नुभयो। श्री जयशंकरले एक सामाजिक सञ्जाल पोस्टमा "बातचीतको क्रममा उहाहरूले भारत र उज्बेकिस्तान बीचको सम्बन्धलाई अझ बलियो बनाउने र जारी सहयोगलाई अगाडि बढाउने उपायहरू चर्चा गरिएको बताउनुभयो। उहाले भविष्यमा पनि दुई देशबीचको द्विपक्षीय सम्बन्धमा सकारात्मक गति जारी रहने विश्वास व्यक्त गर्नुभयो।

वित्त मंत्री निर्मला सीतारामन - आर्थिक सर्वेक्षण 2025-26 पेश

वित्त मन्त्री निर्मला सीतारमणले आज संसदमा आर्थिक सर्वेक्षण २०२५-२६ प्रस्तुत गर्नुहुनेछ। प्रमुख आर्थिक सल्लाहकारको मार्गनिर्देशनमा वित्त मन्त्रालयको आर्थिक मामिला विभागले यो सर्वेक्षण तयार पारेको हो। आर्थिक सर्वेक्षण देशको वर्तमान आर्थिक स्थिति र भविष्यको दृष्टीकोणको एक ब्यापक समिक्षा हो। केन्द्रीय बजेट २०२६-२७ आइतबार पेश हुँदैछ। बजेट सत्रको पहिलो चरण अर्को महिनाको १३ तारिखसम्म जारी रहनेछ। बजेटको दोस्रो चरण ९ मार्च देखि २ अप्रिल सम्म हुनेछ। बजेट अधिवेशनमा ३० वटा बैठक बस्नेछन्।

बीटिंग रिट्रिट

७७औँ गणतन्त्र दिवस समारोहको समापनको अवसरमा बीटिंग रिट्रिट समारोह आज नयाँ दिल्लीको विजय चोकमा आयोजना हुनेछ। समारोहमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी लगायत अन्य केन्द्रीय मन्त्रीहरु उपस्थित रहनुहुनेछ।कार्यक्रममा भारतीय सेना, नौसेना, वायु सेना र केन्द्रीय सशस्त्र पुलिस बलका ब्याण्डहरूले प्रदर्शन गर्नेछन्। यस वर्ष विजय चोकमा बस्ने ठाउँ भारतीय संगीत वाद्ययंत्रहरुको नाममा राखिएका छन्। यो भारतको समृद्ध सांस्कृतिक सम्पदाको प्रतिबिम्ब हो।

3Byte बीटिंग रिट्रिट

केन्द्रीय जाच ब्युरो (सीबीआई)

केन्द्रीय जाच ब्युरो (सीबीआई) ले रेड नोटिसका तीन विषयहरू श्रीधरन सुब्रमण्यम, प्रतिफकुमार सेल्वराज र नविन्ड्रेन राज कुमारसनलाई हिजो भारतबाट मलेसिया निर्वासन गर्न सफलतापूर्वक सहयोग गरेको छ। ब्यूरोले एक विज्ञप्तिमा जानकारी दिएको छ कि निर्वासित व्यक्तिहरू संगठित आपराधिक गतिविधिसँग सम्बन्धित अपराधका लागि मलेसियाई अधिकारीहरूले खोजिरहेका थिए। एनसीबी–क्वालालम्पुरसँगको समन्वयमा स्थापित इन्टरपोल सहयोग संयन्त्र मार्फत यो अभियान सफलतापूर्वक सम्पन्न भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

भारत यूरोपीय संघ - 6जी दूरसंचार

भारत र यूरोपीय संघले 6 जी दूरसञ्चार लगायत अर्को पुस्ताको डिजिटल प्रौद्योगिकिमा रणनीतिक सहयोगलाई सुदृढ पार्ने आफ्नो प्रतिबद्धतालाई दोहोर्याएका छन्। सुरक्षा, विश्वास र लचिलो वैश्विक आपूर्ति श्रृंखलामा विशेष ध्यान दिइनेछ। यूरोपीय संघका अध्यक्ष उर्सुला भोन डेर लेयेन र युरोपेली संघका आयुक्तहरूको भारत भ्रमणका क्रममा नेताहरूले जारी गरेको वक्तव्यबाट यो स्पष्ट भएको सञ्चार मन्त्रालयले जनाएको छ।